# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।६।२१

संशोधन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ — २०७६।५।४

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ — २०७९।५।७

प्रस्तावना : प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९६ बमोजिम ♣सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपसभामुख" भन्नाले ♣ सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ ।

(ख) **♣"पदाधिकारी" भन्नाले प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्ष संसदीय दलका नेता, सत्ता पक्ष संसदीय दलका प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक र समितिका सभापति सम्झनु पर्छ ।**

(ग) "प्रदेश" भन्नाले ♣सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(घ) "विपक्षी दलको नेता" भन्नाले ♣सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका देहाय बमोजिमका दलले संसदीय दलको नेताको रुपमा छानेको व्यक्ति सम्झनु पर्छ:-

(१) प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एकभन्दा बढी दलको बराबर सदस्य भएमा ती दलले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता दिएको कुनै एक दल,

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा प्रदेश सभाका सबैभन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा ♣सुदूरपश्चिम प्रदेश प्रदेश सभाका सभामुखले तोकिदिएको दल,

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट ♣सुदूरपश्चिम प्रदेशको अर्को कुनै दलको सदस्य भई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भए पश्चात पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरीमा पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(ङ) "विपक्षी दलको प्रमुख सचेतक" भन्नाले खण्ड (घ) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

(च) "विपक्षी दलको सचेतक" भन्नाले खण्ड (घ) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

(छ) "सचिवालय" भन्नाले प्रदेश सभाको सचिवालय सम्झनु पर्छ ।

♠♠**(छ१) "सत्ता पक्ष संसदीय दलका नेता" भन्नाले सत्ता पक्षको तर्फबाट प्रदेश सभामा मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल बाहेकको संसदीय दलका नेता भएका सदस्य सम्झनु पर्छ ।**

(ज) ♣**"सत्ता पक्ष संसदीय दलका प्रमुख सचेतक" भन्नाले प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा सम्बन्धित दलको नेताले दलको प्रमुख सचेतक भई काम गर्न तोकेका सदस्यलाई समेत जनाउँछ ।**

(झ) "सत्ता पक्षको सचेतक" भन्नाले ♣सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ ।

---

♠♠ पहिलो संशोधनद्वारा थप

♣ पहिलो संशोधनद्वारा संशोधित

(ञ) **♣"सदस्य" भन्नाले प्रदेश सभा सदस्य सम्झनु पर्छ** ।

(ट) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ ।

(ठ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ र सो शब्दले विशेष समितिलाई समेत जनाउँछ ।

३. पारिश्रमिक : (१) पदाधिकारी र सदस्यले निर्वाचित भई सपथग्रहण भएको मितिदेखि अनुसूची-१ र २ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

तर अनुसूची-२ को उल्लेखित सदस्यहरूले पाउने स्वकीय सचिवको सुविधा भने आ.व. २०७५।०७६ को हकमा २०७५ श्रावण १ गतेदेखि लागु हुनेगरी हुनेछ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा निजलाई त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पारिश्रमिक पाउने पदाधिकारी वा सदस्यको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसँगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवीत नरहेमा त्यस्तो पारिश्रमिक निजको आमाबुवा वा निजसँग सँगै बस्ने निजको छोरा छोरीलाई दिईनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिईने छैन ।

४. बैठक भत्ता : (१) पदाधिकारी र सदस्यले प्रदेश सभा वा कुनै समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम पाउनेछन् ।

तर प्रदेश सभा वा समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक बैठकको मात्र भत्ता पाउनेछन् ।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यले अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर यस्तो दैनिक तथा भ्रमण भत्ता एक अधिवेशनमा एक पटक मात्र पाउनेछ ।

५. आवास सुविधा : (१) प्रदेश सरकारले सभामुख, उपसभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो घर नभएको सभामुख, उपसभामुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(३) प्रदेश राजधानीमा आफ्नो घर भएको सभामुख, उपसभामुखले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा वापत पाउने छैनन् ।

तर सरकारी घरमा नबसी आफ्नो निजी घरमा बस्ने सभामुख, उपसभामुखले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम निजी आवास मर्मत सम्भार सुविधा वापत पाउनेछन् ।

(४) उपदफा (१) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर बापत दिइनेछ ।

(६) उपदफा (१) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(७) निजी घरमा बस्ने पदाधिकारी तथा सदस्यलाई आवास सुविधा दिइने छैन ।

तर निजी आवास मर्मत सम्भार वापतको रकम अनुसूची-१ मा उल्लेख भए बमोजिम दिइनेछ ।

(८) सभामुख र उपसभामुख बाहेकका अन्य पदाधिकारी तथा सदस्यले प्रदेश राजधानीमा आफ्नो घर नभएमा आवास सुविधा तथा फर्निचर बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन् ।

(९) सभामुख र उपसभामुखले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

६. सवारी साधन तथा इन्धन सुविधा : ♣**(१) प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्ष संसदीय दलका नेता, सत्ता पक्ष संसदीय दलका प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र सभापतिलाई चालक सहित अनुसूची-१ बमोजिम सवारी साधन, इन्धन र मोबिल उपलब्ध गराइनेछ ।**

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) उपदफा (१) बमोजिम सवारी साधनको सुविधा पाउने पदाधिकारीले यस दफा बमोजिम पाउने सवारी साधन आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्नेछ ।

७. बिजुली, धारा र सञ्चार सुविधा : पदाधिकारी र सदस्यलाई धारा, बिजुली र सञ्चार सुविधा बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

८. अतिथि सत्कार सुविधा : पदाधिकारी तथा सदस्यको लागि अनुसूची-१ बमोजिम अतिथि सत्कार वापतको रकम दिइनेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

९. स्वकीय सचिवालयमा कर्मचारीको व्यवस्था : (१) आफ्नो कार्यकालको लागि पदाधिकारी तथा सदस्यले अनुसूची-२ मा उल्लेख भए बमोजिमको स्वकीय सचिवालयको लागि कर्मचारी सुविधा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको स्वकीय सचिवालय बन्दोबस्तको लागि एक कार्यकालमा एक पटक फर्निचर वापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(३) पदाधिकारीलाई स्वकीय सचिवालयको बन्दोबस्तको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(४) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक र समितिका सभापतिको सचिवालय र कार्यालयमा आउने अतिथि सत्कारको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

१०. दैनिक तथा भ्रमण भत्ता : प्रदेश सभाको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दा पदाधिकारी र सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

११. यातायात खर्च : सदस्यले प्रदेश सभा वा समितिको बैठकमा भाग लिन उपस्थित हुँदाको दिनको यातायात खर्च अनुसूची-१ मा उल्लेख भए अनुसारको खर्च दिइनेछ ।

तर सोही दिनमा सभा वा समितिको बैठक भएमा एक दिनको मात्र खर्च दिइनेछ ।

१२. बीमा सुविधा : पदाधिकारी र सदस्यलाई सरकारी कामको सिलसिलामा भ्रमण गर्दा दश लाख रुपैयाँ बराबरको बीमा सुविधा दिइनेछ ।

१३. उपचार सुविधा : (१) पदाधिकारी र सदस्यलाई सचिवालयमा सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एक जना चिकित्सकको निःशुल्क सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई उपचार गर्नुपर्ने भनी सिफारिस गरेको पदाधिकारी वा सदस्यले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा वील बमोजिमको खर्च सचिवालयले व्यहोर्नेछ । ❀.................

(३) उपदफा (२) बमोजिमको उपचार खर्च बापतको रकम सचिवालयले पदाधिकारी वा सदस्य भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

**♠♠(४) नेपालभित्रका सरकारी वा सामुदायिक बाहेकका अन्य अस्पतालमा लागेको उपचार खर्च प्रदेश सरकार (मन्त्रिपरिषद) को निर्णय बमोजिम हुनेछ ।**

१४. दृष्टिविहिन र अशक्त पदाधिकारी तथा सदस्यलाई विशेष सुविधा : (१) कुनै पदाधिकारी वा सदस्य दृष्टि विहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई सहयोगीको आवश्यकता छ भन्ने कुरा सभामुखलाई जानकारी दिएमा सभामुखको आदेशमा त्यस्तो पदाधिकारी वा सदस्यलाई एकजना सहयोगी राख्न दिइनेछ ।

---

❀ पहिलो संशोधनद्वारा झिकिएको

♠♠ पहिलो संशोधनद्वारा थप

तर त्यस्तो सहयोगी बैठक कक्षमा बस्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः-

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा,

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१५. वील भरपाई पेश गर्नुपर्ने : पदाधिकारी वा सदस्यले पहिलो पटक प्रदेश सभाको अधिवेशनमा आउँदाको हवाइजहाज, बस वा अन्य साधनको टिकट र भाडा बापत भएको खर्चको वील भरपाई पेश गर्नु पर्नेछ ।

१६. रकम भुक्तानी : पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम सचिवालयबाट बैंक मार्फत भुक्तानी गरिनेछ ।

१७. सुविधा नपाउने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर वा कुनै फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने पारिश्रमिक तथा सुविधा पाउने छैन ।

तर निजको निलम्बन फुकुवा भएमा वा अदालतबाट सफाई पाएमा सुविधा रोक्का भएको मितिदेखि पारिश्रमिक तथा सुविधा पाउनेछ ।

१८. एउटा सुविधा मात्र पाउने : सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति वा पदाधिकारी सदस्यमा निर्वाचित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छ :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्त्व भएको स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।

**♠♠१८क. यसै ऐन बमोजिम भएको मानिनेः यो ऐन प्रारम्भ हुनुभन्दा अघि पदाधिकारीले कुनै सुविधा खाइपाइ आएको भए यसै ऐन बमोजिम भएको मानिनेछ ।**

१९. सुरक्षाको व्यवस्था : सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

♠♠ पहिलो संशोधनद्वारा थप

२०. चाडपर्व खर्च : पदाधिकारी तथा सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

२१. अनुसूचीमा हेरफेर गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा उल्लिखित सुविधा भन्दा न्यून नहुने गरी हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) र (२), दफा ५ को उपदफा (२), (३), (५), (७) र (८), दफा ६ को उपदफा (१), दफा ७, ८, दफा ९ को उपदफा (२), दफा १० र ११ सँग सम्बन्धित)

**सुविधा सम्बन्धी व्यवस्था**

| क.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता | उपसभामुख | सत्ता पक्षको प्रमुख सचेतक/ सभापति | सत्ता पक्षको सचेतक/ विपक्षी दलको प्रमुख सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ∂पारिश्रमिक | प्रति महिना रु. | ६४,००० ।- | ५९,५०० ।- | ५९,५०० ।- | ५७,५०० ।- | ५७,००० ।- | ५६,५०० ।- |
| २ | बैठक भत्ता | प्रतिदिन | ८५० ।- | ८५० ।- | ८५० ।- | ८५० ।- | ८५० ।- | ८५० ।- |
| ३ | आवास सुविधा | प्रति महिना रु. | २२,००० ।- | २०,००० ।- | २०,००० ।- | १८,००० ।- | १८,००० ।- | १७,००० ।- |
| ४ | फर्निचर खर्च (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ट रु (एक पटक मात्र) | १,००,००० ।- | १,००,००० ।- | १,००,००० ।- | १,००,००० ।- | १,००,००० ।- | १,००,००० ।- |
| ५ | सवारी साधन | मोटर (वटा) | १ | १ | १ | १ | ♦१ | - |
| ६ | इन्धन | प्रति महिना लिटर | १२५ लि. | १०० लि. | १०० लि. | १०० लि. | ♦१०० लि. | - |
| ७ | मोवील | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | ५ लि. | ५ लि. | ♦५ लि. | - |
| ८ | धारा, विजुली | प्रति महिना रु. | वील अनुसार | वील अनुसार | वील अनुसार | २,००० ।- | २,००० ।- | २,००० ।- |
| ९ | संचार सुविधा (टेलिफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ३,००० ।- | ३,००० ।- | ३,००० ।- | ३,००० ।- | ३,००० ।- | ३,००० ।- |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५०० ।— | २,५०० ।- | २,५०० ।- | २,५०० ।- | २,५०० ।- | २,५०० ।- |
| ११ | दैनिक भ्रमण भत्ता (विदेश) | प्रतिदिन अमेरिकी डलर | २२५ ।- | २२५ ।- | २२५ ।- | २२५ ।- | २२५ ।- | २२५ ।- |
| १२ | अतिथि सत्कार | प्रति महिना रु. | १०,००० ।- | ७,००० ।- | ७,००० ।- | ७,००० ।- | ७,००० ।- | ७,००० ।- |
| १३ | निजी आवास मर्मत संभार | वार्षिक एकमुष्ट रु. | ५०,००० ।- | ४०,००० ।- | ४०,००० ।- | ३५,००० ।- | ३५,००० ।- | ३५,००० ।- |
| १४ | यातायात खर्च | बैठक बसेको दिन (प्रति दिन) रु. | - | - | - | - | ♦- | ५०० ।- |

∂ मिति २०७६-११-२९ को सूचनाद्वारा हेरफेर गरिएको (प्रदेश राजपत्र मिति २०७६-११-२९) ।

♦ प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८-१-१९ मा भएको निर्णय बमोजिम अनुसूचीमा हेरफेर ।

## अनुसूची-२
### (दफा ३ को उपदफा (१), दफा ९ को उपदफा (१), (३) र (४) सँग सम्बन्धित)
### सुविधा सम्बन्धी व्यवस्था

| क्र.सं. | सुविधाको किसिम | ईकाइ दर | पद | सभामुख | विपक्षी दलको नेता | उप– सभामुख | सत्ता पक्षको प्रमुख सचेतक/ सभापति | सत्ता पक्षको सचेतक/विपक्षी दलको प्रमुख सचेतक | विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कानूनी सल्लाहकार | जना | कानून अधिकृत (रा.प.तृतीय) | १ (एक) | - | - | - | - | - | - |
| २. | स्वकीय सचिव | जना | शाखा अधिकृत (रा.प.तृतीय) | १ (एक) | १ (एक) | १ (एक) | | | | |
| ३. | स्वकीय सचिव | जना | ना.सु.. (रा.प.अनं. प्रथम) | | | | १ (एक) | १ (एक) | १ (एक) | १ (एक) |
| ४. | स्वकीय सचिवालय कर्मचारी | जना | सहायक कम्प्यूटर अपरेटर (रा.प.अनं.द्वि.) | १ (एक) | - | १ (एक) | - | - | - | - |
| ५. | कार्यालय सहयोगी | जना | कार्यालय सहयोगी | १ (एक) | १ (एक) | १ (एक) | - | - | - | - |
| ६. | हलुका सवारी चालक | जना | - | १ (एक) | १ (एक) | १ (एक) | १ (एक) | ♦<u>१ (एक)</u> | - | - |
| ७. | निजी सचिवालय को बन्दोबस्त | प्रतिमहिना रु. | - | २००० ।- | १७५० ।- | १७५० ।- | १७५० ।- | १७५० ।- | १७०० ।- | - |
| ८. | अतिथि सत्कार | प्रतिमहिना रु. | - | २००० ।- | १५०० ।- | १५०० ।- | १२०० ।- | - | - | - |

♣♣♣

♦ प्रदेश सरकार (मन्त्रिपरिषद) बाट मिति २०७८-१-१९ मा भएको निर्णय बमोजिम अनुसूचीमा हेरफेर ।